# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, चैत ९ गते २०३२ साल**

श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बेसी शहर खानेपानी योजनाको पानीपोखरी निर्माण गर्नको निमित्त गण्डकी अञ्चल, लमजुङ जिल्ला, बेसी शहर गाउँ पञ्चायत वडा नं. ९ मा पर्ने निम्न लेखिए बमोजिमको जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व तिलकबहादुरको जग्गा, पश्चिम धारा जाने बाटो, उत्तर कमलबहादुरको जग्गा, दक्षिण कमलबहादुरको जग्गा यति चारकिल्लाभित्रको मोठ नं. ३४१५ कित्ता नं. ११६२ को माटो मुरी ४।१।२ को पोत रू. ९७।२ र चारदाम बापत रू. –।४ पैसा पोत लागेको जग्गा मध्ये माटो मुरी ३।१८।६ (तीन मुरी अठार पाथी ६ माना) को पोत रू. –।९५ पैसा र चारदाम बापत रू. –।४ पैसा समेत जम्मा।९९ (उनान्सय पैसा) लाग्ने जग्गा कित्ता–

आज्ञाले–

अच्युतबहादुर राजभण्डारी

श्री ५ को सरकारको सचिव

(२७)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।